नेपाल सरकार

# कृषि, वन तथा पर्यावरण मन्त्रालय

## राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली

फोन नं. ०९१-५२२९९७
इमेलः pmamp.piu.kailali@gmail.com
वेभसाइटः www.piukailali.pmamp.gov.np

प.सं. ०८३/८४
सूचना नं.:२०

मितिः २०८३/०७/११
ने. सं. ११४६ कछलाथ्व द्वितीया

### सूचिकृत भई कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वान सम्बन्धी सूचना
### दोस्रो पटक प्रकाशित मितिः २०८३/०७/११

आ.व. २०८३/८४ मा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली अन्तर्गत तपसिलको कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले यस कार्यक्रममा सूचिकृत वा सूचिकृत हुन ईच्छुक कृषक समूह/सहकारी/कृषि बजार समितिहरूले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात् मिति २०८३/०८/१० गते भित्र यस कार्यक्रम कार्यान्वयन एकाइ, धनगढी उ.म.न.पा., कैलालीमा तोकिएको ढाँचामा आवश्यक कागजातहरुसहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै यस विषयमा थप जानकारीका लागि कार्यक्रम कार्यान्वयन एकाइ, कैलालीमा वा सूचनामा दिईएको सम्पर्क नं. मा सम्पर्क गर्न सकिनेछ।

*पुनश्चः विस्तृत जानकारीका लागि राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कैलालीको वेवसाईट, फेसबुक पेज (Namp Piu Kailali Dhangadhi) तथा कार्यालयको फोन नं. ०९१-५२२९९७, सूचना अधिकारीको सम्पर्क नं ९८५८४८४९०४ मा सम्पर्क गर्न सकिनेछ।*

सन्जु उपाध्याय रिमाल
वरिष्ठ कृषि अधिकृत

तपसिलः

| क.स. | कार्यक्रमको नाम | एकाइ | लक्ष्य | स्वीकृत बजेट रू लाखमा | कार्यक्रमको अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| कैलाली जिल्लाभर | | | | | | |
| १ | कृषि वस्तु खरिद विक्री केन्द्र स्थापना (खर्च शीर्षक २६४२३) | संख्या | १ | १५ | ७५ - ८५ प्रतिशत सम्म अनुदान | ➢ सेड हाउस, कार्यालय कोठा, खानेपानी, शौचालय, तौलिने सुविधा, लोडिङ्ग/अनलोडिङ्ग क्षेत्र सहितको नयाँ बजार पूर्वाधार निर्माण वा सञ्चालनमा रहेका बजारको पूर्वाधार सुविधा विस्तार<br>➢ न्यूनतम ३ कट्ठा जमिनमा कार्यक्रम सञ्चालन गर्नुपर्ने।<br>➢ कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा जमिन) प्रस्तावक समूह/ सहकारी/कृषि बजार समितिको आफ्नै स्वामित्वमा हुनुपर्ने वा न्यूनतम २० वर्ष अवधिको भोगाधिकार रही कृषि उपज खरिद विक्री कार्य गर्दै आईरहेको हुनुपर्ने |

Scanned by Camera Scanner

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली

फोन नं. ०९१-५२२९९७
इमेलः pmamp.piu.kailali@gmail.com
वेभसाइटः www.piukailali.pmamp.gov.np

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | ➢ जग्गाको चार किल्ला, ट्रेस नक्सा, ब्लू प्रिन्ट तथा जग्गाको अन्य आधिकारिक विवरणहरु |

प्रस्तावना पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः

१. कार्यक्रम कार्यान्वयन एकाइले निर्धारण गरेको ढाँचाको निवेदन र रीतपूर्वक भरिएको प्रस्ताव फारम।
२. कृषक समूह/सहकारी/कृषि बजार समिति सम्बन्धित सरकारी निकायमा विधिवत रुपमा संस्था दर्ता भएको तथा नियमानुसार नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपि।
३. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. आ.व. २०८१/८२ / आ.व. २०८२/८३ को लेखा परीक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
५. सूचिकृत भई कार्यक्रम माग गर्ने सम्बन्धी संस्थाको बैठकको निर्णयको प्रतिलिपि।
६. प्रस्तावक समूह/सहकारी/कृषि बजार समितिको नाममा रहेको कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा जमिन)को जग्गा धनी पूर्जाको प्रतिलिपि वा न्यूनतम २० वर्ष सम्मको भोगाधिकार/सम्झौतानामाको प्रतिलिपि तथा जग्गाको चार किल्ला, ट्रेस नक्सा, ब्लू प्रिन्ट तथा जग्गाको अन्य आधिकारिक विवरणहरु।
७. कृषक समूह/सहकारी/कृषि बजार समितिको आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि।
८. अन्य निकायबाट सोही कार्यक्रमबाट लाभान्वित नभएको वा दोहोरो नपर्ने स्व-घोषणा/प्रतिबद्धता पत्र।
९. लागत साझेदारी प्रतिशत सहित बजार निर्माण, सञ्चालन तथा व्यवस्थापन समेटिएको विस्तृत बजार सञ्चालन योजना।

**पुनश्चः** आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात र प्रक्रिया नपुगेको खण्डमा ती कृषक समूह/ सहकारी/ कृषि बजार समितिहरुलाईः कार्यक्रम कार्यान्वयन एकाइमा आबद्धता दिन र प्रस्ताव दर्ता गर्नका लागि कार्यक्रम कार्यान्वयन एकाइ बाध्य हुने छैन।

*नोटः*

१. प्रस्तावकले समान प्रकृतिको कामका लागि आफ्नै समूहको स्रोत बाहेक अन्य कुनै सरकारी/ गैह्र सरकारी संघ-संस्थाबाट सहयोग अनुदान आदि माग गरेको वा प्राप्त गरेको भए स्पष्ट रुपमा कार्यक्रम कार्यान्वयन एकाइलाई जानकारी गराउनु पर्नेछ। समान प्रकृतिको कामका लागि एउटै आ.व. मा अन्य कुनै निकायबाट अनुदान लिन पाइने छैन। यदि बदनियत पूर्वक अन्य कुनै निकायबाट समान प्रकृतिको कामका लागि एउटै आ.व. मा अनुदान लिएको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही र सरकारी बाँकी सरह असुल उपर गरेमा कुनै उजुर बाजुर गर्ने छैन भनि स्व-घोषणा गर्नु पर्नेछ।
२. कृषि वस्तु खरिद विक्री केन्द्र स्थापना गरीने स्थान सडकको पहुँच भएको, विद्युत सुविधा पुगेको, डुवान नहुने उँचो जमिन हुनाका साथै घना बस्ती रही बजारको माग रहेको स्थान हुनुपर्नेछ।

६।१।१

सन्जु उपाध्याय रिमाल
वरिष्ठ कृषि अधिकृत

Scanned by Camera Scanner